# स्थानीय राजपत्र

गोलन्जोर गाउँपालिका, ग्वालटार, सिन्धुलीद्वारा प्रकाशित

| खण्ड ३ | संख्या १ | मितिः २०७६/०८/२० |
|---|---|---|


## भाग - २

## गोलन्जोर गाउँपालिका

## सूचना

सम्वत् २०७६ सालको नीति संख्या १

# गोलन्जोर गाउँपालिकाको खानेपानी सरसफाई तथा जलश्रोत उपयोग नीति – २०७६

प्रस्तावनाः नेपालको संविधान ०७२ को भाग-३ धारा ४४ र ३५ (४) अनुसूची ८ को क्र.स.९, १० र १९ मा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन ०७४ परिच्छेद १५ दफा १०२ (२) मा भएको व्यवस्था अनुसार यस गाउँपालिका क्षेत्रमा खानेपानी सरसफाई तथा जलश्रोत नीति बनाउन बान्छानीय भएकोले यो नीति जारी गरिएको छ।

दिर्घकालिन सोचः यस गाउँपालिकालाई खानेपानी सरसफाई क्षेत्रमा सुधार गरी समग्र जलश्रोतको परिचालन उपयोग र उपभोग सम्बन्धि व्यवस्थालाई व्यवस्थित बनाउने दिर्घकालिन सोच रहेको छ।

लक्ष्यः आगामी पाँच वर्षमा यस गाउँपालिकामा रहेका आम नागरिकको मुहान देखि मुख सम्म स्वच्छ खानेपानी पु-याउनुका साथै पुर्ण सरसफाई युक्त गाउँपालिका निर्माण मार्फत आम नागरिकमा जलश्रोतको उपयोगलाई वितरण नियमनको दायरामा ल्याई संविधान कानुन प्रद्धत्त हकको सुनिश्चित गर्ने।

**उद्देश्य**

१. प्रत्येक नागरिक लाई स्वच्छ, स्वस्थ्य वातावरणमा वाच्नपाउने हक अनुरुप खानेपानी मुहान व्यवस्थापन, उपयोग, प्रयोग गरी वातावरणीय हिसावले श्रोत साधनको न्यायोचीत वितरण गर्ने।

२. वातावरण र विकास विच सन्तुलन कायम गरी आर्थीक, सामाजिक विकास, पूर्वाधार जन्य, निर्माणमा खानेपानी सरसफाई वातावरण सिंचाई लगाएत जल उपयोगलाई व्यवस्थित गर्ने।

३. वातावरणीय प्रदुषण नियन्त्रण गरी जलवायु अनुकुलीत दिगो विकास तर्फ उन्मुख गर्ने।

४. नागरीकको वातावरण तथा खानेपानी सम्वन्धि कर्तव्य पालना गरी वातावरण, जीव, वनस्पती, मानवीय गतिविधि अन्तरसम्बन्ध कायम गरी वातावरण सन्तुलन विकास गर्ने।

५. गुणस्तरिय वस्तु सेवा को उपभोक्ता गर्दा वातावरण खानेपानी जलश्रोत क्षेत्रको विधमान अवस्था र सो को उपयोगलाई ख्याल गरि उपभोग गर्नु पर्ने ।

६. खानेपानी आपुर्ती व्यवथित गर्ने।

७. खानेपानी सिंचाई जलश्रोत उपभोगको महशुल निर्धारण गर्ने।

८. खानेपानी मुहान, वन, क्षेत्र, पहिरो क्षेत्र नदी कुलो पैनी क्षेत्रको व्यवस्थापन गर्ने ।

९. सामुदायीक भुःसरक्षण जलाधार पैरो लगाएता जोखिम क्षेत्रको पहिचान र संरक्षण गर्ने ।

१०. जलश्रोत खानेपानी सरसफाई क्षेत्रमा विधमान समस्या र हाल भएको घरेलु उपयोगलाई व्यवस्थित गर्ने ।

११. वायुमण्डलिय उष्णता जलवायु परिबर्तन हरिष गृह प्रभाव र ओजन तहको विनास आदिबाट सिर्जित समस्याबाट भावि पुस्ताहरुमा हुने क्षति वातावरण क्षेत्रको असन्तुलनमा सन्तुलनमा ल्याई दिगो विकास लक्ष्य हासिल गर्ने ।

१२. खानेपानी सिंचाई घरेलु उपयोग विधुत उधोग विकास निर्माण लगाएत जल उपयोगको क्षेत्रको प्राथामिकरण गर्ने ।

१३. खानेपानी स्वच्छ उपयोग र परिचालग गरि मानविय स्वास्थ्य र प्रकोप जन्य जोखिम न्यूनिकरण गर्ने ।

१४. मानविय गतिविधि र खानेपानीको उपयोग र सरसफाई सम्बन्धि समुदाय स्तरमा चेतना विकास गरि नागरिक अधिकार र कर्तव्यको आत्मा बोध गर्ने ।

## परिच्छेद – १

## खानेपानी सरसफाई जलश्रोत उपयोग

### परिभाषा तथा व्याख्या

(क) गाउँपालिका भन्नालेः गोलन्जोर गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) खानेपानी भन्नालेः नागरिकहरुले निशुल्क तथा सशुल्क रुपमा पिउने पानीलाई सम्झनु पर्दछ ।

(ग) उपभोक्ता समिति भन्नालेः सम्बन्धित स्थानमा संचालन हुने आयोजना तथा कार्यक्रमबाट फाईदा पाउने वा उपभोग गर्ने उपभोक्ताहरुले आफुमध्येबाट छानेको कम्तिमा ७ जना भन्दा बडि सदस्यहरु रहेको समुहलाई उपभोक्ता समिति भनिने छ।

(घ) जल उपयोग नीति भन्नालेः गाउँपालिका क्षेत्र भित्र रहेका जलाधार वन जंगल मुहानबाट निशुल्क उपलब्ध हुने पानीको श्रोतको उचित उपयोग परिचालन र गरिने पद्धतीलाई जनाउदछ

(ङ) संयोजक भन्नालेः यस नीति अनुसार गठन भएको समिति संयोजकलाई जनाउदछ।

(च) सरसफाई भन्नालेः यस गाउँपालिका क्षेत्रमा रहेका आम समुदायको स्वच्छ पिउने पानी वातावरण स्वास्थ्यसँग सम्बन्धित सवालहरुलाई जनाउदछ।

## परिच्छेद – २

## जलश्रोत उपयोग

**प्रथामिकता प्राप्त क्षेत्र**

(क) यस गाउँपालिकामा खानेपानी तथा सरसफाईको क्षेत्रको विकास र जलश्रोत उपयोग सम्बन्धमा तपशिलका क्षेत्रलाई आम नागरिक तथा सरोकारवाला राजनितिक दल नागरिक समाज मुहान क्षेत्रमा बासिन्दा र उपभोग क्षेत्रमा बासिन्दाहरुबाट बाधा विरोध नगरी सहज आपुर्ती सुनिश्चित गर्न तपशिलको क्षेत्रलाई प्राथामिकताको सूचिमा समाबेश गरि लागु गर्ने नीति गाउँपालिकाले लिएको छ।

१. खानेपानी

२. सिंचाई

३. घरेलु उपयोग (पशु पन्छी सहित)

४. विद्युत

५. उद्योग

६. अन्य

## परिच्छेद – ३

## खानेपानी सरसफाई जलश्रोत उपयोग सम्बन्धि

**नीतिगत प्रावधान**

(क) स्वच्छ खानेपानी उपभोग सबै नागरिको मौलिक हक भनि नेपालको संविधान मुल कानुनमा व्यवस्था भएकोले खानेपानी आपुर्तीमा कुनै व्यक्ति समुदाय वा सरोकारवाला उपभोक्ता, श्रोत उपलब्ध हुने स्थानीय वासी अन्य प्राथामिकरणमा परेका क्षेत्रले वाधा विरोध अवरोध गर्न पाईने छैन।

(ख) खानेपानीको मुहान दुषित गरेमा वा गर्न लगाईएमा त्यस्ता व्यक्ति वा समुहलाई सार्वजिनक अपराध गरे सरह कसुर ठहर्याईने छ। सो कसुरको मुद्धा गाउँपालिकामा गठन भएको न्यायीक समिति मार्फत कानुनी कार्वाही गरिने छ।

(ग) हाल संचालनमा रहेका र नयाँ खानेपानी उपभोक्ता समिति/संस्था अनिवार्य रुपमा स्थानीय तहमा दर्ता भै संचालन हुनु पर्ने छ।

(घ) दुषित पिउने पानी आपुर्ती गर्ने उपभोक्ता समिति वा संस्थालाई मानविय स्वास्थ्यमा पर्न गएको क्षति भराई स्वच्छ खानेपानी तथा उपभोग सम्बन्धि हकमा भए अनुसार प्रचलित कानुन बमोजिम कार्वाहीको लागि न्यायीक समितिमा मुद्धा दायर गरिने छ।

(ङ) खानेपानी सरसफाई तथा सिंचाईको योजनाहरुलाई अन्य कुनै पुर्बाधारका योजना तथा कार्यक्रम गर्दा क्षति भएमा सम्बन्धित योजना वा संस्थालेनै मर्मत वा पुन निर्माण गरिदिनु पर्ने छ।

(च) जुन सुकै भौतिक विकास वा पुर्बाधार जन्य कार्य गर्दा अनिवार्य रुपमा कुल योजना लागतको ३ प्रतिशत रकम वातावरण संरक्षणको क्षेत्रमा खर्च गर्नु पर्ने छ।

(छ) कुनै पनि पुर्वाधार जन्य कार्य गर्दा १५ प्रतिशत भन्दा बढि वन क्षेत्र क्षति हुने योजना तथा कार्यक्रमलाई योजना तथा कार्यक्रम संचालन अनुमती दिईने छैन।

(ज) सार्वजनिक क्षेत्रमा रहेको श्रोत साधन उपयोग, प्रयोग गर्दा भुःक्षय लगायत प्राकृतिक प्रकोप हुन सक्ने देखिएमा त्यस्ता श्रोत साधनको उपयोग र प्रयोगमा रोक लगाईने छ।

(झ) नयाँ विकास निर्माण गर्दा पुराना वातावरण मैत्री जलवायु अनुकुलन राखि संचालन भएका योजना तथा कार्यक्रमलाई बाधा अवरोध गरि निर्माण कार्य गर्न पाईने छैन।

(ञ) सबै नागरिकले आफ्नो घर आगन र वरपरको सरसफाई आफैले गर्नु पर्ने नागरिकको दायित्व हुने छ। यदि त्यस्तो गरेको नपाईएमा गाउँपालिका प्रहरीले प्रथम पटक सम्झाई बुझाई गर्ने अटेर गरेमा न्यायीक समितिमा मुद्धा दर्ता गरि कसुर अनुसार कार्वाही गरिने छ।

(ट) गाउँपालिका क्षेत्रमा स्थापना गरि संचालन गरेका पशुपंछी फर्म तथा कम्पनी बस्तिबाट कम्तिमा १०० मी टाडा हुनु पर्ने छ। गाउँपालिकाले अनुगमन गर्दा मापदण्ड पुरा नभएका पशुपंछी फर्म तथा कम्पनीलाई सचेत गराई खारेजी सम्म गर्न सकिने छ।

(ठ) ठुला मझौला उधोगबाट निश्किएको फोहोर मैला आफैले आफ्नो उधोग क्षेत्रमा व्यवस्थापन गर्नु पर्ने छ। गाउँपालिकाले अनुगमन गर्दा त्यस्तो मापदण्ड पुरा नगर्ने ठुला तथा मझौला उधोगलाई आफ्नो क्षेत्रमा संचालन अनुमती दिईने छैन।

(ड) गाउँपालिका क्षेत्र भएर बग्ने नदीको आफ्नो क्षेत्रमा जल पर्यटन क्षेत्रको रुपमा उपयोग गरिने छ सो क्षेत्रमा वातावरण प्रदुषण गर्न पाईने छैन।

## परिच्छेद – ४

## खानेपानी सरसफाई जलश्रोत उपयोग

**खानेपानी तथा सिंचाई उपभोक्ता समिति गठन सम्बन्धि व्यवस्था**

(क) कुनै पनि उपभोक्ता समिति गठन गर्दा १ जना अध्यक्ष १ जना सचिव १ जना कोषाध्यक्ष र अन्य सदस्य सहित विजोर संख्यामा कम्तिमा ७ जनाको समिति हुनु पर्ने छ।

(ख) समितिको विधान प्रजातान्त्रिक हुनु पर्ने छ।

(ग) कार्य समिति २ बर्षमा निर्वाचन फेरिएको हुनु पर्ने छ।

(घ) समितिको लेखापरिक्षण गरेको हुनु पर्ने छ।

(ङ) समिति गाउँपालिकामा दर्ता भएको हुनु पर्ने छ।

(च) समितिको छुट्टै छाप हुनु पर्ने छ।

(छ) गाउँपालिकामा खानेपानी तथा सिंचाई सम्बन्धि योजना तथा कार्यक्रम योजना तर्जुमा भन्दा अगाडी पेश गर्नु पर्ने छ।

(ज) समितिको खाता संचालन गाउँपालिकाको सिफारिसमा हुने छ।

## परिच्छेद – ५

## खानेपानी सरसफाई जलश्रोत उपयोग

**समिति सम्बन्धि व्यवस्था**

(क) यस गाउँपालिका क्षेत्रमा खानेपानी सरसफाई र जलश्रोतक समुचित उपयोग परिचालन र व्यवस्थापन नियमन गर्न तपशिल बमोजिमको एक खानेपानी सरसफाई तथा जलश्रोत उपयोग समिति हुने छ।

१. सामाजिक विकास समिति संयोजक -संयोजक

२. न्यायीक समितीले तोकेको १ जना - सदस्य

३. गाउँपालिका स्वास्थ्य क्षेत्रको प्रमुख -सदस्य

४. गाउँपालिकामा रहेको सुरक्षा निकायको प्रमुख -सदस्य

५. न्यायीक समितिले मनोनित गरेको १ जना मेलमिलाप कर्ता-सदस्य

६. गाउँपालिका भित्र रहेका विध्यालय शिक्षक मध्ये गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना -सदस्य

७. गाउँपालिकामा रहेको खानेपानी तथा सरसफाई शाखा प्रमुख -सदस्य सचिव

## परिच्छेद – ६

## खानेपानी सरसफाई जलश्रोत उपयोग

**विविध**

(क) बाधा अडकाउ फुकाउ अधिकारः यस गाउँपालिकाको गाउँ कार्यपालिकाको हुने छ।

(ख) अन्य व्यवस्थाः संघीय सरकार प्रदेश सरकार र गरिवी निवारण तथा सामाजिक परिचालन सम्बन्धि प्रचलित कानुन बमोजिम हुने छ।

**प्रमाणीकरण मितिः २०७६।०८।२०**

**आज्ञाले,**<br>**कृष्ण हरि न्यौपाने**<br>**प्रमुख प्रशासकीय अधिकृत**